प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

बागमती प्रदेश, चरिकोट, दोलखा
(कार्यक्षेत्रः दोलखा र सिन्धुपाल्चोक)

*सूचना नं २/२०७८/०७९*

## ५० प्रतिशत अनुदानमा साना पशुपन्छी तथा मत्स्य यन्त्र तथा उपकरण वितरण कार्यक्रम साझेदारको लागि प्रस्ताव आहानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०६/१७**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखाको आ.व २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा साना पशुपन्छी तथा मत्स्य यन्त्र तथा उपकरण वितरण कार्यक्रममा सहभागी हुनका लागि कृषि यान्त्रीकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि-२०७५(चौथो संशोधन) अनुसार कार्यविधिको अनुनूची-२(ख) र (ग) मा उल्लेख भए बमोजिमका पशुपन्छी तथा मत्स्य यन्त्र उपकरणहरु ५०% अनुदानमा वितरण गर्न खरिद गर्ने प्रयोजनका लागि दोलखा र सिन्धुपाल्चोक जिल्लाका कृषक समूह/कृषि सहकारी/नीजि फर्म/कृषि उद्यमीहरुबाट अनुसूची-४ बमोजिमको निवेदन यो सूचना प्रकाशित भएको मितिले तीस दिन भित्र कार्यालय समयमा (मिति २०७८/०७/१५ गते सम्म) भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखा वा सम्पर्क कार्यालय सिन्धुपाल्चोकमा देहाय बमोजिमका कागजात सहित निवेदन दर्ता गर्न यो सूचना आव्हान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

<u>पेश गर्नुपर्ने कागजातहरुको विवरणः</u>

१. रु १०।– को हुलाक टिकट टाँस गरेको निवेदन।
२. मेशिनरी औजार संचालन तथा मर्मत सम्वन्धि तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि।
३. आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र।
४. संस्था नवीकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी रजिष्टरको कार्यालयबाट गरिने कम्पनी अध्यावधिक भएको पत्र।
५. साझेदारको प्यान वा भ्याट प्रमाण पत्रको प्रतिलिपि।
६. साझेदारको निर्णयको प्रतिलिपि।
७. साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र।
८. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
९. स्थानीय तहको सिफारिस।

**नोटः** थप जानकारीको लागि यस विज्ञ केन्द्रको फोन नं ०४९-४२११९५ र सम्पर्क कार्यालयको फोन नं ०११-६२०११५ मा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध छ।कार्यक्रम सम्बन्धी सूचना यस विज्ञ केन्द्रको वेभसाइट vetdolakha.gov.np वा फेसबुक www.facebook.com/Vetdolakhacharikot बाट पनि प्राप्त गर्न सकिने छ।

प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
बागमती प्रदेश, चरिकोट, दोलखा
(कार्यक्षेत्रः दोलखा र सिन्धुपाल्चोक)

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रदेश, दोलखा

*सूचना नं ३/२०७८/०७९*

## ब्लक कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०६/१७**

चालु आ.व २०७८/७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखा अन्तर्गत, तपशिलका क्षेत्रमा निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले कानुन बमोजिम दर्ता भएका इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र (मिति २०७८/०७/१५ कार्यालय समयभित्र) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट वा सम्पर्क कार्यालय चौतारा सिन्धुपाल्चोकमा तोकिएको ढाँचा (अनुसूचि-७ र अनुसूचि-१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| सि नं | कार्यक्रमको नाम | कार्यक्रम लागु हुने स्थान | न्युनतम आधार | कैफियत |
|---|---|---|---|---|
| १ | बाख्राको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम | शैलुङ गाउँपालिका, दोलखा | संख्याः ५००० | |
| २ | माछाको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम | त्रिपुरासुन्दरी गाउँपालिका वडा नं २, सिन्धुपाल्चोक | जलाशय क्षेत्रः ४० हेक्टर<br>ट्राउट माछाको रेसवेः ३००० वर्ग मिटर | |

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात**

१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, चालु आ.व मा कर चुक्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।

२) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौता पत्र।

३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

४) समूह, समिति, सहकारी वा साझेदारीमा संचालन भएको खण्डमा कार्य समितिको निर्णयको प्रतिलिपी।

५) स्थानीय तहको सिफारिस।

**नोटः** थप जानकारीको लागि यस विज्ञ केन्द्रको फोन नं ०४९-४२११९५ र सम्पर्क कार्यालयको फोन नं ०११-६२०११५ मा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध छ। कार्यक्रम सम्बन्धी सूचना यस विज्ञ केन्द्रको वेभसाइट vetdolakha.gov.np वा फेसबुक www.facebook.com/Vetdolakhacharikot बाट पनि प्राप्त गर्न सकिने छ।

प्रमुख